# मंगला गाउँपालिकाको आर्थिक ऐन २०८१

(स्वीकृत मितिः २०८१/०३/०७)

मंगला गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बाबियाचौर, म्याग्दी

# <u>मंगला गाउँपालिकाको आर्थिक ऐन, २०८१</u>

मंगला गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०८१

<u>प्रस्तावना :</u> मंगला गाउँपालिकाको आर्थिक वर्ष २०८१/२०८२ को अर्थ सम्बन्धी प्रस्तावनालाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने र छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ वमोजिम  मंगला गाउँ सभाले यो ऐन बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>
   क) यस ऐनको नाम " मंगला गाउँपालिकाको आर्थिक ऐन, २०८१" रहेको छ ।
   ख) यो ऐन २०८१ साल श्रावन १ गते देखि मंगला गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. <u>सम्पत्ति करः</u> गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम एकीकृत सम्पत्ति कर / घरजग्गा कर लगाइने र असुल उपर गरिनेछ ।

३. <u>भूमि कर (मालपोत):</u> गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाइनेछ ।

४. <u>घर/जग्गा बहाल कर</u>: गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा बहाल कर लगाइने र असुल उपर गरिनेछ ।

५. <u>व्यवसाय कर</u>: गाउँपालिका क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिने छ ।

६. <u>जडीबुटी कबाडी र जीवजन्तु कर:</u> गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ती वा संस्थाले ऊन, खोटो, जडीबुटी, वनकपास, कबाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यावसायिक कारोबार गरे बापत अनुसूची (५) बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ ।

७. <u>विज्ञापन कर:</u> गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापन अनुसूची (६) बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

८. मनोरञ्जन कर: गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची (७) बमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

९. बहाल बिटौरी शुल्क: गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसल सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१०. पार्किङ शुल्क: गाउँपालिका क्षेत्रभित्र सवारी साधनलाई पार्किङ गराए बापत अनुसूची (९) बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ ।

११. ट्रेकिङ, कोयोकिड, क्यानोइङ्गम बन्जी जम्पिङ्ग जिपफ्लयर र न्याफटीङ्ग शुल्क: गाउँपालिकाले आफ्नो क्षेत्रणित्र ट्रेकिङ, कोयोकिड, क्यानोइङ्गम बन्जी जम्पिङ्ग जिपफ्लयर र न्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरे बापत अनुसूची (१०) बमोजिमको शुल्क लागइने र असुल उपर गरिनेछ ।

१२. सेवा शुल्क, दस्तुर: गाउँपालिकाले निर्माण, संचालान वा व्यवस्थापन गरेका अनुसूची (११) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१३. पर्यटन शुल्क: गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरूबाट अनुसूची (१२) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१४. ढुङ्गा गिट्टी, वालुवा र ढुङ्गा शुल्क: वातावरणीय तथा पर्यावरणीय पक्षमा प्रतिकुल प्रभाव नहुने गरि अनुसूची (१३) अनुसार यस गाउँपालिकाले तयार पारेको प्रारम्भीक वातावरणीय परिक्षण प्रतिवेदनका आधारमा साथै प्रदेश कानुन बमोजिम हुनेछ ।

१५. रोयल्टी शुल्क: गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेका रोयल्टी शुल्क अनुसूची (१४) मा उल्लेखित दरमा शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१६. कर छुटः यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थालाई कुनै पनि किसिमको कर छुट दिइने छैन तर अनुसूची-११ मा निश्चित क्षेत्र वा वर्गमा सिफारिस दस्तुर मिनाहा सम्बन्धी व्यवस्था गरिनेछ ।

१७.कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धित कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

अनुसूची-१

ऐनको दफा २ सँग सम्बन्धित

मंगला गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

**ऐकिकृत सम्पति कर**

| सि.नं. | विवरण | मूल्य रु. | कैफियत |
|---|---|---|---|
| १ | रु. १० लाख सम्मका घर जग्गाहरू | १२० | |
| २ | रु. १० लाख १ देखि २० लाख सम्मका घर जग्जाहरू (प्रतिलाख) | १५ | |
| ३ | रु. २० लाख १ देखि ४० लाख सम्मका घर जग्जाहरू (प्रतिलाख) | २० | |
| ४ | रु. ४० लाख १ देखि ८० लाख सम्मका घर जग्जाहरू (प्रतिलाख) | २५ | |
| ५ | रु. ८० लाख १ देखि १ करोड ६० लाख सम्मका घर जग्जाहरू (प्रतिलाख) | ३० | |
| ६ | रु. १ करोड ६० लाख १ देखि ३ करोड सम्मका घर जग्जाहरू (प्रतिलाख) | ३५ | |
| ७ | रु. ३ करोड १ देखि माथि (प्रतिलाख) | ४० | |

पुनश्चः

<u>वडा नं. १</u>

१. कुहुँ गाउँको घर भएको जग्गाको प्रति रोपनी रु. १०,००,०००।- (दशलाख रुपैयाँ मात्र) र अन्य स्थानहरुको रु. ७,५०,०००।-(सातलाख पचास हजार रुपैयाँ मात्र)

<u>वडा नं २</u>

१. साविक दरवाङ- ४ हाल मंगला-२ को मोटरबाटोको दायाँवायाँ घर भएको जग्गाको प्रतिरोपनी रु. ४,००,०००।- (चारलाख रुपैयाँ मात्र)
२. सिमलचौरको लुलियाघाट झोलुङ्गे पुलदेखि दायाँवायाँ घर भएको जग्गाको प्रतिरोपनी रु. १६,००,०००।- (सोह्रलाख रुपैयाँ मात्र)
३. फाफरखेतको पहिरोदेखि सिमलचौरको शुरुदेखि अन्तसम्म मोटरबाटोको दायाँवायाँ घर भएको जग्गाको प्रतिरोपनी रु. २७,००,०००।- (सत्ताइसलाख रुपैयाँ मात्र)
४. सिमदेखि ताराखेत हुदै वगर सम्मको मोटरबाटोको दायाँवायाँ घर भएको जग्गाको प्रतिरोपनी रु. २७,००,०००।- (सत्ताइसलाख रुपैयाँ मात्र) र कोत्रवाङ रु. २५,००,०००।- (पच्चीसलाख रुपैयाँ मात्र)
५. बावियाचौरको वगर देखि बावियाचौर पुरानो वजार र डौंडेखोला सम्मको मोटरबाटोको दायाँवायाँ घर भएको जग्गाको प्रतिरोपनी रु. ३०,००,०००।- (तीसलाख रुपैयाँ मात्र)

६. डौंडेखोला देखि दुखु खोला सम्मको मोटरबाटोको दायाँवायाँ घर भएको जग्गाको प्रतिरोपनी रु. २५,००,०००।- (पच्चीसलाख रुपैयाँ मात्र)

७. मंगला-२ को शाखा मोटरबाटो भएको सल्यान, भाइवाङ, खुम्लिया र मिठौलाको मोटरबाटोको दायाँवायाँ घरभएको जग्गाको प्रतिरोपनी रु. ७,५०,०००।- (सातलाख पचास हजार रुपैयाँ मात्र)

८. मंगला-२ को आम्वोट, लरेनी, दरुङ, हिदी मिठौला लगाएत अन्यस्थानहरुको घरभएको जग्गाको प्रतिरोपनी रु. ५,००,०००।- (पाँचलाख रुपैयाँ मात्र)

## वडा नं ३

१. पखेर र सातविसे मोटरबाटोको दायाँवायाँ घरभएको जग्गाको प्रतिरोपनी रु. १५,००,०००।- (पन्ध्रलाख रुपैयाँ मात्र)

२. पिङ्गे, खर्कआर्भाङ, दह, वाहुनपँधेरा मोटरबाटोको दायाँवायाँ घरभएको जग्गाको प्रतिरोपनी रु. १०,००,०००।- (दशलाख रुपैयाँ मात्र)

३. घामटाङ,झाँक्रीपानी, लुइचा रोहटे भोर्लेनी लगाएत अन्यस्थानहरुको घरभएको जग्गाको प्रतिरोपनी रु.५,००,०००।-(पाँचलाख रुपैयाँ मात्र)

## वडा नं. ४

१. थर्पु, दुर्दीको मोटरबाटोको दायाँवायाँ घरभएको जग्गाको प्रतिरोपनी रु. ७,५०,०००।- (सातलाख पचास हजार रुपैयाँ मात्र) र अन्य स्थानहरुको घरभएको जग्गाको प्रतिरोपनी रु. ५,००,०००।- (पाँचलाख रुपैयाँ मात्र)

## वडा नं. ५

१. मंगला-५ पोक देखि पिपलबोट, छिस्वाङ हुदै खोप्टीखोला सम्मको मोटरबाटोको दायाँवायाँ घरभएको जग्गाको प्रतिरोपनी रु. १६,००,०००।- (सोह्रलाख पचास हजार रुपैयाँ मात्र)

२. मंगला-५ को शाखा मोटरबाटो भएको गहँते, नेटा, अर्मन, पाँखु, डिही, मुसलवारी मोटरबाटोको दायाँवायाँ घरभएको जग्गाको प्रतिरोपनी रु. ७,५०,०००।- (सातलाख पचास हजार रुपैयाँ मात्र) र अन्य स्थानहरुको घरभएको जग्गाको प्रतिरोपनी रु. ५००,०००।- (पाँचलाख रुपैयाँ मात्र)

नोटः

१. एक आ.व. सम्मको २५ प्रतिशत, दुई आ.व. सम्मको ५० प्रतिशत र सो भन्दा माथिको १०० प्रतिशत चालु आ.व.को कुल तिर्नु पर्ने एकिकृत सम्पति करको रकममा जरिवाना लाग्नेछ ।

२. एकिकृत सम्पति कर भुक्तानीको पुन रसिद लिनको लागि प्रतिलिपि शुल्क रु. ५०।- लाग्नेछ ।

## सम्पति कर असुल गर्दा घर टहराको संरचना तर्फको मूल्याङ्कन

| सि.नं. | विवरण | मूल्य प्रति (स्क्वायर) वर्ग फिट | ह्रास कट्टी दर प्रति वर्ष (प्रतिशतमा) |
|---|---|---|---|
| १ | आरसिसि भवन तर्फ | १८०० | २ |
| २ | सिमेन्ट जोडाइमा इट्टा वा ढुङ्गाको गारो आरसिसि छानो | १३०० | २.५ |
| ३ | सिमेन्ट जोडाइमा इट्टा वा ढुङ्गाको गारो जस्ता/टायल | ८०० | ३ |
| ४ | माटोको जोडाइमा इट्टा वा ढुङ्गाको गारो आरसिसि वा ढुङ्गाको छानो | ५०० | ३ |
| ५ | माटोको जोडाइमा इट्टा वा ढुङ्गाको गारो जस्ता/टायल सेड वा कच्ची घर | ४०० | ४ |
| ६ | स्टील सेक्सन आइ विम प्रयोग गरी आरसिसि सहितको भवन | १६०० | २ |

अनुसूची-२

ऐनको दफा ३ सँग सम्बन्धित

मंगला गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

## भूमि कर (मालपोत)

| सि.नं. | विषयगत क्षेत्र | इकाइ | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | आवासीय क्षेत्र | | | |
| १.१ | सिमलचौर देखि दुखुखोला सम्मको तल्लो क्षेत्र, कोत्रवाङ, पखेर, वान्द्रे, सातविसे, पोक देखि खोप्टीखोला तल्लो क्षेत्र, पाँखु, डिही | प्रति रोपनी | १० | |
| १.२ | १.१ मा पर्ने क्षेत्र बाहेक अरू सबै क्षेत्रहरू | प्रति रोपनी | ८ | |
| २ | कृषि क्षेत्र | खेत प्रति रोपनी | ६ | |
| | | बारी प्रति रोपनी | ४ | |
| ३ | व्यवसायीक क्षेत्र | प्रति रोपनी | १५ | |
| ४ | औद्योगिक क्षेत्र | प्रति रोपनी | २० | |

अनुसूची-३

ऐनको दफा ४ सँग सम्बन्धित

मंगला गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

## घर/जग्गा बहाल कर

| सि.नं. | विवरण | मासिक दर |
|---|---|---|
| १ | घर/जग्गा गोदाम भाडा | १० प्रतिशत |
| २ | बहाल बिरौटि कर | १० प्रतिशत |

अनुसूची-४

ऐनको दफा ५ सँग सम्बन्धित

मंगला गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

**व्यवसाय कर**

| सि.नं. | व्यवसायको नाम | ०८१/८२ | सि.नं. | व्यवसायको नाम | ०८१/८२ |
|---|---|---|---|---|---|
| १ | डिलर सिप सबै प्रकारका (प्रति डिलर) | २५०० | २६ | मोवाइल फोन विक्रि तथा मर्मत सेवा | १००० |
| २ | डिपार्टमेन्टल स्टोर्स | १५०० | २७ | कुरियर सेवा/साईवर सेवा | १००० |
| ३ | सवारी साधन विक्रेता | २५०० | २८ | आर्थिक कारोवार समेत गर्ने बित्तिय कम्पनिको मुख्य कार्यालय | १५००० |
| ४ | साइकल पसल | १००० | २९ | वित्तीय कम्पानिको शाखा कार्यालय | ७००० |
| ५ | मोटरसाइकल मर्मत पसल | २००० | ३० | विमा कम्पनि | ७००० |
| ६ | कम्प्युटर, विद्युतिय सामान, क्यामेरा, टेलिभिजन, रेडियो विक्री तथा मर्मत | ५०० | ३१ | विदेशी मुद्रा सतहि/मनि ट्रान्फर | १५०० |
| ७ | मिष्ठान (मिठाइ) पसल | १५०० | ३२ | निजि क्षेत्रका क्याम्पस | ६००० |
| ८ | निर्माण सामाग्री/हार्डवेयर पसल सबै प्रकारका | ३५०० | ३३ | निजि क्षेत्रका स्कुल ( कक्षा १-१२) | ३५०० |
| ९ | दैनिक उपयोग सामान(रु. तिन लाख सम्म पुँजी लागनी) | ८०० | ३४ | निजि क्षेत्रका स्कुल ( कक्षा १-१०) | २५०० |
| १० | दैनिक उपयोग सामानको थोक विक्रेता | ३००० | ३५ | निजि क्षेत्रका आधारभुत स्कुल | १५०० |
| ११ | किराना पसल (खुद्रा) (रु. तिनलाख भन्दा माथि पुँजी लगानी) | १५०० | ३६ | निजि क्षेत्रका पूर्व प्रा.बि. स्कुल | १००० |
| १२ | फलफुल तथा तरकारी पसल(रु. तिनलाख सम्म पुँजी लगानी) | ८०० | ३७ | निजि क्षेत्रका होस्टलहरु | १५०० |
| १३ | फेन्सी पसल सबै प्रकारका | २००० | ३८ | तालिम तथा अनुसन्धान केन्द्र | १५०० |

| सि.नं. | व्यवसायको नाम | ०८१/८२ | सि.नं. | व्यवसायको नाम | ०८१/८२ |
|---|---|---|---|---|---|
| १४ | सुन पसल, उच्च,माध्यम र सानो | १५०० | ३९ | प्राविधिक शिक्षालय | १५०० |
| १५ | मनोरञ्जन कर (चलचित्र, भिडियो) | १५०० | ४० | टाइपिङ कम्प्युटर तथा भाषा प्रशिक्षण केन्द्र स्थापना | १५०० |
| १६ | सार्बजनिक परिवहन सेवा /सर्भेयर सेवा | १५०० | ४१ | अलैचि प्रति के.जि. निकासी कर | ५ |
| १७ | सिरक, डसना तथा कपास प्रशोधन उद्योग | १००० | ४२ | टिमुर प्रति के.जि. निकासी कर | २ |
| १८ | सिरक, डसना तथा कपास प्रशोधन उद्योग वाह्य क्षेत्र दैनिक | १००० | ४३ | जडिवुटी प्रति के.जि. निकासी कर | ५ |
| १९ | भाँडा पसल | १५०० | ४४ | कस्मेटी पसल | १५०० |
| २० | सिमेन्ट व्लक उद्योग | २००० | ४५ | व्युटी पार्लर | २००० |
| २१ | मेटम ग्रिल उद्योग | २००० | ४६ | केवल/ नेटवर्क | ३५०० |
| २२ | इट्टा उद्योग (चिम्नि भट्टा) | २००० | ४७ | गैर सरकरी /सामुदायिक/निजि /नर्सिङ होम/ल्याव तथा किल्निक/होमियोप्याथी तथा प्राकृतिक चिकिस्ता किलिनिक/अस्पताल | २००० |
| २३ | इट्टा उद्योग (साधारंण भट्टा) | १००० | ४८ | होटल/लज तथा रेष्टुरेण्ट क वर्ग | ५००० |
| २४ | एन सेल संचार/निजी मोवाइल सेवा | २५०० | ४९ | फलफुल विरुवा वेचविखन गर्नेले विज्ञको सिफारिसमा गाउँपालिकाको अनुमतिमा दर्ता गरि प्रति विरुवा | १ |
| २५ | निजी टेलिफोन तथा इमेल इन्टरनेट प्रिन्टीङ फोटोकपी सेवा | १००० | | | |

अनुसूची-४

ऐनको दफा ५ सँग सम्बन्धित

मंगला गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

**व्यवसाय कर**

| सि.नं. | व्यवसायको नाम | ०८१/८२ | सि.नं. | व्यवसायको नाम | ०८१/८२ |
|---|---|---|---|---|---|
| ५० | सामान्य चिया खाजा पसल | १००० | ६९ | लेखा परीक्षक “ख” वर्ग | १३०० |
| ५१ | होटल/लज तथा रेष्टुरेण्ट ख वर्ग | ४००० | ७० | लेखा परीक्षक “ग” वर्ग | ८०० |
| ५२ | होटल/लज तथा रेष्टुरेण्ट ग वर्ग | ३००० | ७१ | लेखा परीक्षक “घ” वर्ग | ५०० |
| ५३ | होटल तथा रेष्टुरेण्ट घ वर्ग | २००० | ७२ | विमा एजिन्ट | १००० |
| ५४ | इलोक्ट्रोनिक पसल | १५०० | ७३ | अन्य सेवाहरु | १५०० |
| ५५ | औषधी पसल थोक (जनस्वास्थ)/आयुर्बेदिक | २५०० | ७४ | अनुवादक | ५०० |
| ५६ | औषधी पसल खुद्रा/आयुर्बेदिक खुद्रा | १८०० | ७५ | नोटरि पब्लिक सेवा | २००० |
| ५७ | स्टेसनरी पसल | १५०० | ७६ | अनुसन्धान कर्ता तथा परामर्श दाता भाषा अनुवादक समेत | २००० |
| ५८ | कुटानी पिसानी व्यवसायिक मिल | १००० | ७७ | कम्प्युटर एनालुष्ट तथा प्रोग्रामर | १००० |
| ५९ | कुटानी पिसानी घरायसी मिल | ५०० | ७८ | सामान ढुवानि कर्ता कम्पनि | २००० |
| ६० | पशुपंक्षी दाना पसल | १२०० | ७९ | कृषि/पशु पंक्षी जन्य फार्महरु | ५०० |
| ६१ | जडी बुटी पसल | १५०० | ८० | संस्थागत पेन्टर | २००० |
| ६२ | विशेषज्ञ परामर्श तथा अन्य व्यवसायीक सेवा/कानुन व्यवसायी | २००० | ८१ | सिलाइ कटाइ ग्रामेन्ट | १००० |
| ६३ | दन्त चिकोत्सक रिसर्च | २००० | ८२ | सिलाइ कटाइ पसल | ५०० |
| ६४ | पशु चिकोत्सक रिसर्च | २००० | ८३ | जुत्ता चप्पल विक्री पसल | १००० |
| ६५ | कविराज सेवा/ आयुर्वेद | १५०० | ८४ | जुत्ता चप्पल सिलाइ पसल | ५०० |
| ६६ | इन्जिनियर सेवा | २५०० | ८५ | हेयर कटिङ शैलुन | १००० |
| ६७ | फ्रेस हाउस | १००० | ८६ | विविध ( माथि समावेश नभएका हरु सवै ) | १५०० |
| ६८ | लेखा परीक्षक “क” वर्ग | १८०० | | | |

अनुसूची-५

ऐनको दफा ६ सँग सम्बन्धित

मंगला गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

**जडीबुटी, कबाडी र जीवजन्तु कर**

| सि.नं. | विवरण | शुल्क |
|---|---|---|
| १ | उन | रू. ५००/- |
| २ | खोटो | रू. ५/- प्रति के.जी. |
| ३ | जडिवुटी | राजश्व दरको १३% |
| ४ | वनकपास | राजश्व दरको १३% |
| ५ | कबाडीमाल धातु जन्य प्रति के.जी. | रू. १/- |
| ६ | कबाडीमाल शिशा जन्य प्रति वोरा | रू. २- |
| ७ | मृत वा मारिएको जन्तुको हाड, सिङ्ग ,प्वाख, छाला आदिको (प्रतिवन्धित वाहेक) | रू. २०००/- |

अनुसूची-६

ऐनको दफा ७ सँग सम्बन्धित

मंगला गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

**विज्ञापन कर**

| सि.नं. | विवरण | परिमाण (दस्तुर) |
|---|---|---|
| १ | ५० वर्ग फि. सम्म | प्रति फिटको रू. ३/- |
| २ | ५१ वर्ग फि. भन्दा माथि | प्रति फिटको रू. ५/- |

अनुसूची-७

ऐनको दफा ८ सँग सम्बन्धित

मंगला गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

**मनोरञ्जन कर**

(मेला पर्वमा स्थापित मनोरञ्जन पसल, पिङ, रोटे पिङ लगायत मनोरञ्जनात्मक क्रियाकलाप समेत)

प्रतिदिन रू. १०००/-

नोटः ५ दिन भन्दा बढी कुनै पनि मेला पर्व वापत कार्यक्रम सञ्चालन गर्न नपाईने ।

अनुसूची-८

ऐनको दफा ९ सँग सम्बन्धित

मंगला गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

**बहाल बिटौरी शुल्क**

गाउँपालिका मातहतका सार्वजनिक भवन तथा स्थलहरूमा सेवा लिए वापत शुल्क

| सि.नं. | विवरण | दर |
|---|---|---|
| १ | भवनमा भए | रू. ५००/- प्रति दिन |
| २ | खाली जग्गामा भए | प्रति ५० वर्ग मिटर रू. ५०/- |

अनुसूची-९

ऐनको दफा १० सँग सम्बन्धित

मंगला गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

**पार्किङ्ग शुल्क**

गाउँपालिकाले तोकेको स्थानमा पार्किङ्ग गरे वापत लागने शुल्क

| सि.नं. | विवरण | दर |
|---|---|---|
| १ | मोटर साईकल | रू. १०/- प्रति दिन |
| २ | कार, जीप, भ्यान | रू. २०/- प्रति दिन |
| ३ | बस, ट्रक, टयाक्टर | रू. ५०/- प्रति दिन |
| ४ | डोजर, स्काभेटर | रू. १००/- प्रति दिन |

अनुसूची-१०

ऐनको दफा ११ सँग सम्बन्धित

मंगला गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

प्रस्तावित Rafting शुल्क

मंगला गाउँपालिका क्षेत्र भित्रका नदीमा Rafting गरे वापत प्रति बोट रू. १०००/-

अनुसूची-११

ऐनको दफा १२ सँग सम्बन्धित

मंगला गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

**सेवा शुल्क, दस्तुर**

| सि.नं. | विवरण | दस्तुर |
|---|---|---|
| १ | सम्पती मूल्याङ्कन जम्मा रकमको | ०.१% |
| २ | आयस्रोत प्रमाणित जम्मा रकमको | ०.१% |
| ३ | नाता प्रमाणित निवेदन दस्तुर सहित | २५० |
| ४ | जन्म मिति प्रमाणित | २५० |
| ५ | विवाह प्रमाणित तथा अविवाहित प्रमाणित | २५० |
| ६ | अङ्ग्रेजी माध्यममा सिफारिस | ५०० |
| ७ | घर, पाताल प्रमाणित | २५० |
| ८ | व्यक्तिगत विवरण प्रमाणित | २५० |
| ९ | जिवित सँगको नाता प्रमाणित | २५० |
| १० | हकवला वा हकदार प्रमाणित | २५० |
| ११ | संरक्षक प्रमाणित गर्ने तथा संस्थागत र व्यक्तिगत संरक्षक | २५० |
| १२ | **नक्सा पास (नयाँ निर्माण हुने आरसिसी भवन)** | |
| १२.१ | नक्सा पास निवेदन दस्तुर | २५० |
| १२.२ | आरसीसी ढलान ग्राउण्ड र पहिलो तला प्रति स्क्वायर फिट | ५ |
| १२.३ | आरसीसी ढलान तेश्रो र चौथो तला प्रति स्क्वायर फिट | ६ |
| १२.४ | आरसीसी ढलान पाँचौ तला देखि प्रति स्क्वायर फिट | ८ |
| १२.५ | ढुङ्गा माटोको जडान छानावाला घर निर्माण अनुमति | १००० |
| १२.६ | छाप्रा टहरा निर्माण अनुमति | ५०० |
| १३ | **नक्सा अभिलेखिकरण (निर्माण सम्पन्न भै सकेका आरसिसी भवन तर स्थानीय तह बाट नक्शा पास नभएका)** | |
| १३.१ | नक्सा अभिलेखिकरण निवेदन दस्तुर | २५० |
| १३.२ | आरसीसी ढलान ग्राउण्ड र पहिलो तला प्रति स्क्वायर फिट | ३ |
| १३.३ | आरसीसी ढलान तेश्रो र चौथो तला प्रति स्क्वायर फिट | ४ |
| १३.४ | आरसीसी ढलान पाँचौ तला देखि प्रति स्क्वायर फिट | ५ |
| १४ | संघ संस्था दर्ता सिफारीस | १००० |
| १५ | संघ संस्था नविकरण सिफारिस | ५०० |
| १६ | **घ वर्गको इजाजत पत्र दर्ता, नविकरण, नामसारी, ठाउँसारी र विलम्व शुल्क** | |
| १६.१ | घ वर्गको इजाजत पत्र दर्ता | ५००० |
| १६.२ | घ वर्गको इजाजत पत्र नविकरण | २५०० |
| १६.३ | घ वर्गको इजाजत पत्र नामसरी र ठाउँसारी | २५०० |

| सि.नं. | विवरण | दस्तुर |
|---|---|---|
| १६.४ | घ वर्गको इजाजत पत्र नविकरण विल्मव शुल्क | २५०० |
| १७ | व्यवसाय दर्ता | २००० |
| १८ | **सहकारी दर्ता र सेवा शुल्क** | |
| १८.१ | सहकारी दर्ता शुल्क | २५०० |
| १८.२ | वचत तथा ऋण सहकारी सेवा शुल्क | २००० |
| १८.३ | उत्पादमुलक सहकारी सेवा शुल्क | १००० |
| १८.४ | महिला सहकारी सेवा शुल्क | १००० |
| १९ | व्यक्तिगत घटना दर्ता ३५ दिन कटेमा लाग्ने शुल्क | २०० |
| २० | व्यक्तिगत घटना दर्ता प्रतिलिपी लाग्ने शुल्क | ५०० |
| २१ | विद्यालयका विद्यार्थीका सर्ट्रीफिकेटमा विवरण सच्याउन | २०० |
| २२ | कन्सुलर प्रमाणित नेपाली प्रति पेज | २५० |
| २३ | कन्सुलर प्रमाणित अंग्रेजी प्रति पेज | ५०० |
| २४ | वालुवा उत्तखन्न तथा विक्री व्यक्तिगत जग्गा निकासी कर प्रति घन. मि. | ५०० |
| २५ | ढुङ्गा उत्तखन्न तथा विक्री व्यक्तिगत जग्गा र भिरपखेरा निकासी कर प्रति घन. मि. | २५० |
| २६ | स्थानीय काठ व्यक्ति र सामुदायिक वन भित्रको निकासी कर प्रति घन मि. | २५० |
| २७ | खानी उद्योगको कटीङ ढुङ्गा निकासी कर प्रति घन मि. | २५० |
| २८ | **परिक्षा शुल्क** | |
| २८.१ | श्रेणीविहिन | ३०० |
| २८.२ | सहायक स्तर चौंथो | ४०० |
| २८.३ | सहायक स्तर पाँचौं | ५०० |
| २८.४ | अधिकृत स्तर | १००० |
| २९ | सूची दर्ता | १००० |
| ३० | **होमस्टे दर्ता तथा नविकरण र विल्मव शुल्क** | |
| ३०.१ | होमस्टे दर्ता | १०००० |
| ३०.२ | होमस्टे नविकरण | २५०० |
| ३०.३ | होमस्टे नविकरण विल्मव शुल्क | २५०० |
| ३१ | न्यायिक समितिमा उजुरी दर्ता दस्तुर | २५० |
| ३२ | सामुदायिक विद्यालय लेखापरिक्षणका लागि लेखापरिक्षक निवेदन दस्तुर | १००० |
| ३३ | सालट्रेडिङ मल विक्रि नविकरण दस्तुर | ५०० |
| ३४ | **दहत्तर वहत्तर ढुङ्गा गिट्टी वालुवा रोडा अवैध संकलन तथा उत्खन्नको दण्ड जरिवाना जफत पहिलो पटकको लागि लगाइनेछ र दोश्रो पटकका लागि तोकिएको दोव्वर दस्तुर कायम हुनेछ (प्रदेश कानुनमा हेरफेर भए सोही वमोजिम हुने)** | |
| ३४.१ | डोजर/स्काभेटर | ५०००० |
| ३४.२ | टिपर | २५००० |

| सि.नं. | विवरण | दस्तुर |
|---|---|---|
| ३४.३ | टयाक्टर | १०००० |
| ३५ | **जलश्रोतको उपयोगको अनुमतिपत्र/नविकरण र विलम्व दस्तुर** | |
| ३५.१.१ | खानेपानी मुहान दर्ता निवेदन दस्तुर (घरेलु प्रयोजनको लागि) | १०० |
| ३५.१.२ | खानेपानी मुहान दर्ता दस्तुर (घरेलु प्रयोजनको लागि) | २००० |
| ३५.१.३ | खानेपानी मुहान नविकरण दस्तुर (घरेलु प्रयोजनको लागि) | ५०० |
| ३५.१.४ | खानेपानी मुहान नविकरण विलम्व प्रति वर्ष (घरेलु प्रयोजनको लागि) | ५०० |
| ३५.२.१ | सिंचाई दर्ता निवेदन दस्तुर | १०० |
| ३५.२.२ | सिंचाई दर्ता दस्तुर | २००० |
| ३५.२.३ | सिंचाई नविकरण दस्तुर | १००० |
| ३५.२.४ | सिंचाई नविकरण विलम्व प्रति वर्ष | १००० |
| ३५.३.१ | पशुपालन, मत्स्यपालन जस्ता कृषिजन्य उपयोग दर्ता निवेदन दस्तुर | १०० |
| ३५.३.२ | पशुपालन, मत्स्यपालन जस्ता कृषिजन्य उपयोग दर्ता दस्तुर | १००० |
| ३५.३.३ | पशुपालन, मत्स्यपालन जस्ता कृषिजन्य उपयोगनविकरण दस्तुर | ५०० |
| ३५.३.४ | पशुपालन, मत्स्यपालन जस्ता कृषिजन्य उपयोग नविकरण विलम्व प्रति वर्ष | ५०० |
| ३५.४.१ | घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानी जन्य उपयोग दर्ता निवेदन दस्तुर | १०० |
| ३५.४.२ | घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानी जन्य उपयोग दर्ता दस्तुर | २००० |
| ३५.४.३ | घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानी जन्य उपयोग नविकरण दस्तुर | १००० |
| ३५.४.४ | घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानी जन्य उपयोग दर्ता नविकरण विलम्व दस्तुर | १००० |
| ३५.५.१ | जल यातयात दर्ता निवेदन दस्तुर | १०० |
| ३५.५.२ | जल यातयात दर्ता  दस्तुर | ५००० |
| ३५.६.१ | अमोद प्रमोदजन्य उपयोग दर्ता निवेदन दस्तुर | १०० |
| ३५.६.२ | अमोद प्रमोदजन्य उपयोग दर्ता दस्तुर | ५००० |
| ३५.७.१ | अन्य उपयोग (साना लघुविद्युत आयोजना, अन्य आयोजना) दर्ता निवेदन दस्तुर | १०० |
| ३५.७.२ | अन्य उपयोग (साना लघुविद्युत आयोजना, अन्य आयोजना) दर्ता दस्तुर | ५००० |
| ३८.८ | अनुमति प्राप्त व्यक्तिले जलश्रोतको उपयोग गरी अन्य व्यक्तिहरुलाई व्यापारिक प्रयोजनको लागि जलश्रोत उपलव्ध गराए वापत | १०००० |
| ३६ | नागरिकता प्रमाणपत्र एवं प्रतिलिपी सिफारिस | २५० |
| ३७ | सामाजिक सरक्षा संग सम्वन्धित खाता वन्द सिफारिस | निःशुल्क |
| ३८ | टोल विकास संस्था/ उपभोक्ता समिति वैकं खाता खोल्ने/वन्द गर्ने सिफारिस | निःशुल्क |
| ३९ | वेरोजगार व्यक्ति सूचिकरण निवेदन दस्तुर | निःशुल्क |
| ४० | अपांग असाहाय जेष्ठ नागरिक परिचयपत्र सिफारिस | निःशुल्क |
| ४१ | मृत वेवारिसे पशु व्यवस्थापन सिफारिस | निःशुल्क |
| ४२ | स्वास्थ्य उपचार सिफारिस | निःशुल्क |
| ४३ | अशक्त असहाय तथा अनाथको पालन पोषणको लागि सिफारिस | निःशुल्क |

| सि.नं. | विवरण | दस्तुर |
|---|---|---|
| ४४ | आर्थिक अवस्था कमजोर वा विपन्नता सिफारिस | निःशुल्क |
| ४५ | उपभोक्ता समितिको  योजनाका लागि सम्झौता सम्वन्धी सिफारिस | निःशुल्क |
| ४६ | उपभोक्ता समितिको रनिङ विल माग गर्दाको सिफारिस | निःशुल्क |
| ४७ | उपभोक्ता समितिको योजनाको अन्तिम रकम भुक्तानी सम्वन्धी सिफारिस | निःशुल्क |
| ४८ | विभिन्न अनुदान प्रदान सम्वन्धी सिफारिस | निःशुल्क |
| ४९ | पशुपंक्षी सम्वन्धी प्राविधिक सेवा सिफारिस | निःशुल्क |
| ५० | पशुपंक्षी विमा सम्वन्धी सिफारिस | निःशुल्क |
| ५१ | विपद्जन्य घटना सम्वन्धी सिफारिस | निःशुल्क |

अनुसूची-१२

ऐनको दफा १३ सँग सम्बन्धित

मंगला गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

**पर्यटन शुल्क**

| सि.नं. | विवरण | दस्तुर |
|---|---|---|
| १ | मंगला गाउँपालिका भित्र प्रवेश गर्ने विदेशी पर्यटकको लागि | प्रति पटक रू. १००/- |

अनुसूची-१३

ऐनको दफा १४ सँग सम्बन्धित

मंगला गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

**ढुङ्गा, गिट्टी, बालुवा**

| सि.नं. | विवरण | दस्तुर |
|---|---|---|
| गण्डकी प्रदेशको आर्थिक ऐन २०८१ बमोजिम हुने | | |

अनुसूची-१४

ऐनको दफा १५ सँग सम्बन्धित

मंगला गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

**रोयल्टी**

| सि.नं. | विवरण | दस्तुर |
|---|---|---|
| संघीय र प्रदेश कानुन बमोजिम हुने | | |